# बीमा समिति
# आ.व. २०६६/६७ को लागि पारित वार्षिक कार्यक्रम

| क्र.सं. | कार्यक्रम | हालको अवस्था | उद्देश्य | कार्य योजना | कार्य प्रारम्भ र समाप्ति |
|---|---|---|---|---|---|
| १ | **संस्थागत सुधार गर्ने** | संस्थागत सुधार गर्ने सम्बन्धमा समितिमा प्रतिवेदन पेश गर्नका लागि एक कार्यदल गठन भै कार्य भैरहेको छ । | समितिको संस्थागत सुधारको लागि तत्कालीन, मध्यकालीन र दीर्घकालीन योजना तर्जुमा गरी लागू गर्ने । | समितिको संस्थागत सुधारको लागि तत्कालीन, मध्यकालीन र दीर्घकालीन योजना तर्जुमा गर्न गठित कार्यदलको सुझाव समेतको आधारमा कार्य योजना तयार गर्ने । कार्य योजना लागू गर्ने । | प्रथम त्रैमासिक - चौथो त्रैमासिक |
| २ | **ICP Self Assessment को आधारमा समितिको कार्य योजना तयार गर्ने** | IAIS का आधारभूत सिद्धान्तहरुको आधारमा नेपालको बीमा क्षेत्रको मूल्यांकन तथा पुनरावलोकन गरिएको र सो मूल्यांकनको आधारमा समितिको भावी कार्ययोजना तयार गर्न बाँकी रहेको अवस्था छ । | IAIS का आधारभूत सिद्धान्तहरुको आधारमा बीमा क्षेत्रको लागि भावी योजना तयार गरी लागू गर्ने । | • IAIS का आधारभूत सिद्धान्तहरुको आधारमा समितिको अल्पकालिन, मध्यकालिन तथा दीर्घकालिन योजना तयार गर्ने ।<br>• कार्य योजना लागू गर्ने । | प्रथम त्रैमासिक - तेश्रो त्रैमासिक |
| ३ | **कानूनी व्यवस्थामा परिमार्जन** | बीमा ऐनको मसौदा तयार भएको छ । बीमा नियमावली, २०४९ तथा बीमा समिति कर्मचारी सेवा शर्त विनियमावली, २०५४ को आवश्यक परिमार्जन हुन बाँकी रहेको छ । | बीमा सम्बन्धी कानूनी प्रावधानहरुलाई आवश्यकता अनुरुप अद्यावधिक गर्ने । | • नयाँ बीमा ऐनको मसौदालाई अन्तिम रुप दिई नेपाल सरकार समक्ष पेश गर्ने ।<br>• बीमा ऐनको मसौदा अनुरुप नियमावली मसौदा तयार गर्ने ।<br>• बीमा समिति कर्मचारी सेवा शर्त विनियमावलीको मसौदा पेश गर्ने । | प्रथम त्रैमासिक - दोश्रो त्रैमासिक<br>तेश्रो त्रैमासिक - चौथो त्रैमासिक<br>दोश्रो त्रैमासिक - चौथो त्रैमासिक |
| ४ | **लघु बीमा लागू गर्ने** | लघु बीमा नीति तय गर्ने सम्बन्धमा IAIS बाट भएको अध्ययन समेतको आधारमा समितिबाट लघु बीमा सम्बन्धी नीति तथा कानूनी आधार तयार गर्न प्रयास भइरहेको छ । | लघु बीमा सम्बन्धी नीति तथा कानूनी आधार तर्जुमा गर्ने, | • लघु बीमा सम्बन्धी अध्ययन गरी नीति तथा कानूनी आधार तयार गर्ने,<br>• सोही अध्ययन प्रतिबेदनको आधारमा कार्य योजना तयार गरी लागू गर्ने । | पहिलो त्रैमासिक – दोश्रो त्रैमासिक<br>तेश्रो त्रैमासिक - चौथो त्रैमासिक |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | **बीमा दावी भुक्तानी प्रकृया सरलीकरण गर्ने** | बीमा दाबी भुक्तानीको लागि आवश्यक कागजात तोक्नका लागि बीमकहरुबाट सुझाव संकलन भएको अवस्था छ । | बीमा नियमावली, २०४९ को नियम ३१ र ३२ बमोजिम क्रमशः जीवन बीमा र मोटर बीमा दावीको लागि आवश्यक कागजात तोकि दावी भुक्तानी प्रकृया सरल बनाउने । | • जीवन बीमा दावी सम्बन्धी कागजात तोकी दाबी भुक्तानी प्रक्रियालाई सरल बनाउने ।<br>• मोटर बीमा दावी सम्बन्धी कागजात तोकी दाबी भुक्तानी प्रक्रियालाई सरल बनाउने । | दोश्रो त्रैमासिक – तेश्रो त्रैमासिक |
| ६ | **बीमालेख सरलीकरण र परिमार्जन गर्ने** | जीवन बीमा तर्फ प्रचलनमा रहेको बीमालेख सरलीकरण गर्ने कार्यको एक चरण पूरा भै सकेको छ । मोटर बीमा तर्फको बीमालेखहरु परिमार्जन गरी सरल बनाउनका लागि मसौदाहरु तयार भई पेश भएको र अग्नी बीमालेख सरलीकरणको लागि मसौदा तयार भई रहेको अवस्था छ । | बीमालेखलाई सर्वसाधारणले बुझ्न सक्ने गरी सरल र सन्तुलित बनाउने । | • अग्नि बीमालेख (सम्पुष्टि समेत) लाई परिमार्जन गरी सरल बनाउने,<br>• मोटर बीमालेख (सम्पुष्टि समेत) लाई परिमार्जन गरी सरल बनाउने । | दोश्रो त्रैमासिक – तेश्रो त्रैमासिक<br>प्रथम त्रैमासिक – प्रथम त्रैमासिक |
| ७ | **जनचेतना अभिबृद्धि गर्ने** | समितिबाट बीमा सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने तथा प्रचार प्रसार सम्बन्धी क्रियाकलापहरु हुँदै आएको र सोलाई व्यापकता प्रदान गर्नु पर्ने अवस्था छ । | बीमा बारे सर्वसाधारणमा चेतना अभिवृद्धि गर्ने ।<br>बीमालाई ग्रामिण क्षेत्र, न्यून आय वर्ग लगायत समाजका सबै तहको पँहुचसम्म पुऱ्याउन बीमा सम्बन्धी विशेष प्रचार प्रसार कार्यक्रम तयार गरी लागू गर्ने । | • जीवन तथा निर्जीवन बीमा सम्बन्धी बुकलेट र लिफलेट तयार गरी वितरण गर्ने,<br>• श्रव्य दृष्य प्रशारण सामाग्री तयार गरी प्रशारण गर्ने,<br>• बीमा बारे जनचेतनामूलक सूचना प्रकाशन र प्रशारण गर्ने,<br>• काठमाडौं उपत्यका वाहिर पाँचवटा अन्तरक्रिया कार्यक्रम गर्ने ।<br>• काठमाण्डौ उपत्यका भित्र ६ वटा अन्तरक्रिया कार्यक्रम गर्ने | प्रथम त्रैमासिक – चौथो त्रैमासिक |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | **बीमा विषयलाई पाठ्यक्रममा ब्यापकता दिने** | विद्यालय तथा विश्वविद्यालयको पाठ्यक्रममा सीमित मात्रामा बीमा विषय समावेश भएको र उक्त पाठ्यक्रमले नेपालको बीमा सम्बन्धी प्रचलन र अभ्यासलाई पर्याप्त रुपमा समेट्न नसकेको अवस्था रहेको छ ।उक्त सम्बन्धमा कार्य गर्नका लागि समितिले एक उप समिति गठन गरेको अवस्था छ । | बीमा विषयलाई विद्यालय स्तरदेखि बिश्वबिद्यालय स्तरसम्मको क्रमबद्ध रुपमा विस्तार गराउने । | • शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र लगायतको निकायहरुसंग सहकार्य गर्ने,<br>• सम्बन्धित विज्ञहरुसंग अन्तर्क्रिया गर्ने ।<br>• सम्बन्धित निकायसंग सहकार्य गरी उप समितिको प्रतिवेदन कार्यान्वयन गराउन पहल गर्ने ।<br>• पाठय सामाग्री तयार गर्ने | प्रथम त्रैमासिक - तेश्रो त्रैमासिक |
| ९ | **व्यवसायिक जनशक्तिको विकास गर्ने** | समितिले तालिमको वार्षिक कार्यक्रम तयार गरी काठमाण्डौं उपत्यका र उपत्यका बाहिर समेत बीमा अभिकर्ता, बीमा सर्भेयर, समिति तथा बीमकका कर्मचारीको लागि तालिम सञ्चालन गर्दै आएको छ । नेपालमा बीमांकी, बीमांकीय विज्ञान बिषयमा तालिम प्राप्त तथा बीमा सम्बन्धी व्यवसायिक ज्ञान हासिल गरेको व्यक्तिको संख्या न्यून रहेको अवस्था छ । | बीमा क्षेत्रको लागि आवश्यक बीमाङ्की तथा अन्य दक्ष जनशक्ति तयार गर्ने । | • अभिकर्तालाई तालिम प्रदान गर्ने,<br>• सर्भेयरलाई तालिम प्रदान गर्ने,<br>• बीमक तथा समितिका कर्मचारीलाई तालिम प्रदान गर्ने,<br>• बीमांकीय विज्ञान सम्बन्धी तालिम प्रदान गर्ने,<br>• बीमांकीय विज्ञान बिषय अध्ययन गर्न छात्रवृत्तिको व्यवस्था गर्ने,<br>• बीमा सम्बन्धी व्यवसायीक तथा उच्च शिक्षा अध्ययन गर्नको लागि छात्रवृत्ति प्रदान गर्ने । | प्रथम त्रैमासिक – चौथो त्रैमासिक |
| १० | **आर्थिक प्रशासन विनियमावली तथा बीमा समिति खरिद विनियमावली लागू गर्ने** | आर्थिक प्रशासन विनियमावली तथा खरिद विनियमावलीको प्रारम्भिक मसौदा तयार भएको र सो मसौदा उपर छलफल गरी अन्तिम रुप दिन बाँकी रहेको अवस्था छ । | समितिको आर्थिक प्रशासन विनियमावली तथा खरिद विनियमावली तयार गरी लागू गर्ने । | • आर्थिक प्रशासन विनियमावली तयार गरी लागू गर्ने ।<br>• खरिद विनियमावली तयार गरी लागू गर्ने । | प्रथम त्रैमासिक – प्रथम त्रैमासिक |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | **नेपाली बीमितको मृत्युदर तालिका (मोर्टालिटी टेबुल) निर्माण गरी लागू गर्ने** | बीमकहरुले हाल फरक फरक बिदेशी मृत्युदर तालिका प्रयोगमा ल्याइरहेका छन् । जीवन बीमा व्यवसाय गर्ने बीमकको दायित्व मूल्यांकन सम्वन्धी निर्देशिका लागू भइ सकेको तथा जीवन बीमा व्यवसायको लागि आवश्यक नेपाली बीमितको मृत्युदर तालिकाको मसौदा तयार भई सम्बद्ध पक्षसंग भएको छलफल समेतको आधारमा परिमार्जनको क्रममा रहेको छ । | नेपाली बीमितको मृत्युदर तालिका तयार गर्ने, | • नेपाली बीमितको मृत्युदर तालिकाको मसौदालाई अन्तिम रुप दिई लागू गर्ने | प्रथम त्रैमासिक – प्रथम त्रैमासिक |
| १२ | **बीमकको जोखिमको विवरण (रिस्क प्रोफाइल) तयार गरी स्थलगत निरिक्षण गर्ने** | समितिबाट बीमकहरुको जोखिमको एकिकृत विवरण तयार नभएको अवस्था रहेको छ । | बीमकहरुको समग्र जोखिमको विवरण तयार गर्ने ।<br>बीमकको जोखिम विवरणको आधारमा स्थलगत निरिक्षण गर्ने । | • बीमकको समग्र जोखिमको विवरण तयार गर्नका लागि सूचकहरु निर्धारण गर्ने ।<br>• सोही सूचकहरुको आधारमा बीमकको समग्र जोखिमको विवरण तयार गर्ने ।<br>• स्थलगत निरिक्षणः<br>जीवन बीमा गर्ने बीमक-२<br>निर्जीवन बीमा गर्ने बीमक-२ | दोश्रो त्रैमासिक– चौथो त्रैमासिक |
| १३ | **बीमकको लगानी सम्बन्धी व्यवस्थामा परिमार्जन** | विगत दुई वर्षयता बीमकको लागि तोकिएको नीतिमा परिवर्तन नगरिएको अवस्था रहेको छ । | जीवन तथा निर्जीवन बीमा व्यवसाय गर्ने बीमकको लागि तोकिएको लगानी सम्बन्धी व्यवस्था परिमार्जन गरी लागू गर्ने । | • जीवन तथा निर्जीवन बीमा व्यवसाय गर्ने बीमकको लागि तोकिएको लगानी सम्बन्धी व्यवस्था परिमार्जन गर्ने ।<br>• परिमार्जित व्यवस्था लागू गर्ने । | प्रथम त्रैमासिक – दोश्रो त्रैमासिक |
| १४ | **जीवन बीमा व्यवसाय गर्ने बीमकको सोल्भेन्सी मार्जिन सम्बन्धी निर्देशिका निर्माण गर्ने** | जीवन बीमा व्यवसाय गर्ने बीमकहरुको सोल्भेन्सी मार्जिन तोक्ने सम्बन्धमा समितिबाट अध्ययन भई सो सम्बन्धी मसौदा तयार भईरहेको अवस्था छ । | जीवन बीमा व्यवसाय गर्ने बीमकहरुको सोल्भेन्सी मार्जिन सम्बन्धी निर्देशिका तयार गरी लागू गर्ने । | • जीवन बीमा व्यवसाय गर्ने बीमकहरुको सोल्भेन्सी मार्जिन सम्बन्धी निर्देशिका तयार गरी लागू गर्ने । | दोश्रो त्रैमासिक– चौथो त्रैमासिक |

| | | | | | |
|---|---|---|---|---|---|
| १५ | **बीमकको सुशासन तथा आन्तरिक नियन्त्रण सम्बन्धी निर्देशिका तयार गरी लागू गर्ने** | बीमक दर्ता सम्बन्धी मापदण्ड तयार गरी लागू गरिसकिएको तर मौजुदा बीमकहरुको हकमा उक्त व्यवस्था लागू नभएको कारणले गर्दा बीमकको न्यूनतम कार्य सम्पादनको स्तर कायम राख्न समितिमा दर्ता भई कार्यरत सबै बीमकहरुका लागि लागू हुने गरी बीमकको सुशासन तथा आन्तरिक नियन्त्रण सम्बन्धी निर्देशिका तयार गरी लागू गर्नु पर्ने अवस्था रहेको छ । | बीमकको सुशासन तथा आन्तरिक नियन्त्रण सम्बन्धी निर्देशिका तयार गरी लागू गर्ने । | • बीमकको सुशासन तथा आन्तरिक नियन्त्रण सम्बन्धी निर्देशिका तयार गर्ने ।<br>• तयार गरिएको निर्देशिका लागू गर्ने । | प्रथम त्रैमासिक – प्रथम त्रैमासिक |
| १६ | **डिट्यारिफ सम्बन्धि अध्ययन प्रतिबेदन कार्यान्वयन गर्ने** | डिट्यारिफको सम्बन्धमा समितिबाट गठित एक उप समितिले अध्ययन गरिरहेको छ । | राष्ट्रिय आवश्यकता तथा यथार्थता अनुरुप प्रचलित बीमादरहरुलाई खुल्ला गर्दै जाने | • डिट्यारिफ सम्बन्धमा अध्ययन गर्न गठित उप समितिको प्रतिवेदन कार्यान्वयन गर्ने । | प्रथम त्रैमासिक – चौथो त्रैमासिक |
| १७ | **बीमाको प्राबिधिक शब्दहरुको परिभाषा तयार गर्ने** | IAIS तथा छिमेकी मूलुकहरुले तयार पारेको बीमा सम्बन्धी प्राविधिक शब्दहरुको परिभाषा संकलन गरी सो परिभाषाहरु उपर छलफल भईरहेको छ । | बीमा क्षेत्रमा प्रयुक्त हुने सम्पूर्ण प्राविधिक शव्दहरुको परिभाषा सहितको शव्दार्थ (ग्लोसरी) तयार गर्ने । | • नेपालको बीमा क्षेत्रमा प्रयोग भईरहेका प्राविधिक शब्दहरुको परिभाषा तयार गरी प्रकाशन गर्ने । | दोश्रो त्रैमासिक – चौथो त्रैमासिक |
| १८ | **लेखा परीक्षकको छनौट सम्बन्धी मापदण्ड तयार गरी लागू गर्ने** | बीमकहरुको लेखा परिक्षक छनौट सम्बन्धी मापदण्डको मसौदा पेश भई समितिमा छलफल भईरहेको अवस्था छ । | बीमकको लेखा परीक्षकको छनौट सम्बन्धी मापदण्ड तोकी लेखा परीक्षणको स्तर अभिबृद्धि गर्ने । | • बीमकहरुको लेखा परीक्षक छनौट सम्बन्धी मापदण्ड तयार गरी तोक्ने । | प्रथम त्रैमासिक – दोश्रो त्रैमासिक |
| १९ | **आधुनिक फाइलिङ्ग पद्धति लागू गर्ने** | समितिमा उपलब्ध फाइल राख्न उपयोगी हुने सबै प्रकारका साधनहरुमा समितिका कागजपत्र, फाइल, मिसिल आदि सुरक्षित रुपले राखिएको छ । तर पनि फाइलको बढ्दो संख्या र फाइल व्यवस्था परम्परागत भएको कारणले केहि फाइलहरु | समितिको सम्पूर्ण अभिलेखहरुलाई व्यवस्थित गर्न आधुनिक फाइलिङ पद्धति लागू गर्ने । | • उपयुक्त आधुनिक फाइलिङ पद्धति लागू गर्ने,<br>• महत्वपूर्ण फाइलहरुको इलेक्ट्रोनिक (सफ्ट) स्वरुप तयार गर्ने । | प्रथम त्रैमासिक – प्रथम त्रैमासिक<br>तेश्रो त्रैमासिक – चौथो त्रैमासिक |

| | | | | | |
|---|---|---|---|---|---|
| | | समयमा पाउन नसकिएको र अनुपयुक्त स्थानमा भण्डारण हुने गरेको छ । समितिका कर्मचारीहरुलाई आधुनिक फाइलिङ्ग पद्दती सम्बन्धी थप तालिम प्रदान गर्नु पर्ने छ । | | | |